



PRATEEK DAILY

राष्ट्रिय 'क' वर्ग

# प्रतीक दैनिक

eprateekdaily.com




❖ वर्ष ३४ ❖ २०७८ साउन २१ गते बिहीवार // मृत भस्म नबन्दैमा भित्रिको भैकन बल्नुछ // 2021 August 05 Thursday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ४ ❖ अङ्क ३३८

## महामारीलक्षित वीरगंजमा होल्डिङ सेन्टर बन्दै

राधेश्याम पटेल, परवानीपुर, २० साउन/

वीरगंजमा कोरोना महामारीमा क्वारेन्टाइन सेवा दिने उद्देश्यले २८ करोड रुपैयाँको होल्डिङ सेन्टर निर्माण भइरहेको छ । वीरगंज–१६ इनर्वास्थित वीरगंज भन्सारको गोदामको जग्गामा नेपाली सेनाले होल्डिङ सेन्टर निर्माण गरिरहेको छ ।


तस्वीर: प्रतीक

भारतबाट भित्रिनेहरूलाई क्वारेन्टाइनमा राखेर सीमा क्षेत्रको आवागमन सहज पार्न यस्तो होल्डिङ सेन्टर निर्माण भइरहेको हो । हजारजनालाई खान, बस्न र चिकित्सा सेवा निश्शुल्करूपमा उपलब्ध गराइ सङ्क्रामक रोगबाट बचाउन नेपाल सरकारले यस्तो योजना लागू गरेको हो । नेपाली सेनाको व्यवस्थापकीय जिम्मेवारीमा निर्माण भइरहेको होल्डिङ सेन्टरको बजेट करीब रु २८ करोड रहेको छ भने आठवटा होल्डिङ सेन्टरको झन्डै २ अर्ब २५ करोड रुपैयाँभन्दा बढी बजेट रहेको ठेकेदार कम्पनी हनुमान कन्स्ट्रक्शन, ललितपुरले जनाएको छ ।

एउटै ठेकेदार कम्पनीले आठवटै नाकामा होल्डिङ सेन्टर निर्माण गर्ने ठेक्का पाएको हो । नेपालका १० ठाउँमा बनाउने लक्ष्यसहित टेन्डर आह्वान गरिएकामा एक ठाउँमा जग्गा नपाएको र काठमाडौंमा हाल नबनाउने भएपछि अहिले आठवटै ठाउँको मात्र ठेक्का भएर काम शुरू भएको छ । झापा, मोरङ, पर्सा, रूपन्देही, कपिलवस्तु, नेपालगंज, कैलालीलगायत नाकामा होल्डिङ सेन्टर निर्माण भइरहेको नेपाली सेनाले जनाएको छ ।

वीरगंज भन्सारको पश्चिमपट्टिको गोदाममा यो योजना गत असार २५ गतेदेखि शुरू भएको हो । अहिले दैनिक सयभन्दा बढी कामदार खटिरहेका छन् । एउटा प्रशासनिक भवन, एउटा सेन्ट्रल किचेन र २० वटा ५० जना अट्ने क्वारेन्टाइन हल गरी कुल २२ वटा भवन निर्माण भइरहेको छ । दुई वटा भवनको बीचमा एउटा किचेन र पछाडिपट्टि सुविधायुक्त शौचालयको पनि व्यवस्था मिलाइएको छ । एउटा भवनको क्षेत्रफल ११७ फिट लम्बाइ र करीब २० फिट चौडाइ रहेको छ । चण्डीप्रसाद गण श्रीपुर वीरगंजका मेजर नैन बस्नेतका अनुसार केन्द्रीय योजना अनुसार नै काम भइरहेको छ । उनले मध्य भदौसम्म काम सम्पन्न गर्ने सम्झौता भए तापनि निषेधाज्ञाको कारण काम करीब एक महीना लम्बिन सक्ने बताए । आगामी असोजको मध्यसम्म काम पूरा गर्ने गरी ठेकेदार पक्षसँग समन्वय गरी काम भइरहेको उनले बताए । फलामे पाइपले उभ्याइएको घरमाथि जस्ता र छेउछाउबाट पफ बोर्ड लगाइने ठेकेदार कम्पनीका इन्जिनीयर प्रवेन्द्र चौधरीले बताए ।

कोरोनालगायत अन्य सङ्क्रामक महामारीको बेला भारतबाट वीरगंज नाका हुँदै नेपाल भित्रिनेहरूलाई सीमा क्षेत्रबाट ल्याएर स्वास्थ्य परीक्षणपछि त्यस क्वारेन्टाइनमा १० देखि १४ दिनसम्म राख्न सकिनेछ । यसले महामारी सङ्क्रमणको जोखिम कम होस् र राज्य सुरक्षित बनोस् भन्ने सरकारको रणनीति छ । यसअघि सुविधासम्पन्न ठाउँ नहुँदा सीमा क्षेत्रका विद्यालय, कलेजलाई क्वारेन्टाइन बनाएर शङ्कास्पद व्यक्तिलाई राखिएको थियो । अहिले कामको प्रगति अनुसार सबैभन्दा बढी काम हुने होल्डिङ सेन्टरहरूमा क्रमशः कैलाली, झापा, मोरङ, कपिलवस्तु, पर्सा, नेपालगंज, रूपन्देही छन् । वीरगंजको होल्डिङ सेन्टरको काम करीब १५ प्रतिशतभन्दा बढी भइसकेको छ । अहिले फलामे पाइप ठड्याउने, बेसको काम गर्ने, जोडाइ गर्ने, ट्रस जोड्नेलगायतका काम भइरहेका छन् ।

## चौधवटै पालिकामा जानसिन खोप लगाइयो

प्रस, वीरगंज, २० साउन/

अमेरिकी कम्पनी जन्सन एन्ड जन्सनको जानसिन पर्सा जिल्लाका १४ वटा पालिकामा बुधवार लगाइएको छ । दोस्रोपटक जानसिनको खोप जिल्लाका १४ वटा पालिकामा एक/एक वटा खोप केन्द्र र वीरगंज महानगरपालिकामा थप चारवटा केन्द्र गरी १८ वटा खोप केन्द्रमार्फत खोप लगाइएको स्वास्थ्य कार्यालय, पर्साका निमित्त प्रमुख नवलकिशोर साहले बताए ।

४५ वर्ष उमेर समूहलाई कोभिडविरुद्धको पहिलो मात्रा लगाउन बाँकी सबैलाई आज १८ वटा खोपकेन्द्रमार्फत खोप लगाइएको हो ।

यसैगरी, भेरोसिल खोप साउन २१ र २२ गते ७ वटा पालिका र २४ र २५ गते ७ वटा पालिका गरी दुई/दुई दिन १४ वटै पालिकामा लगाइने निमित्त प्रमुख साहले जानकारी गराए । ५५ वर्ष र सोमाथिका उमेर समूहलाई कोभिडविरुद्धको पहिलो मात्रा भेरोसिल खोप लगाएका बाँकी सबै नागरिक र विश्वविद्यालय, विद्यालयका प्राध्यापक, शिक्षक, कर्मचारी, सार्वजनिक यातायातमा कार्यरत चालक, सहचालक, नेपाल सरकारले तोकेको अत्यावश्यक सेवामा कार्यरत खोप लगाउन बाँकी र खोप अनिवार्य गरिएका देशमा जाने नेपाली नागरिकलाई यो अवधिमा भेरोसिल खोप लगाइने निमित्त प्रमुख साहले बताए ।

**प्रस, पर्सागढी/**

पर्सागढी नगरपालिका–८ स्थित स्वास्थ्य चौकीमा आज जानसिन खोप लगाइएको छ । ४५ वर्षमाथिका पहिलो खोप नलिएका सबै नागरिकलाई जानसिन खोप लगाइएको छ ।


तस्वीर: प्रतीक

एक मात्रा मात्र खोप लगाउनुपर्ने भएकोले जानसिनको खोप लगाउन पर्सागढीमा मानिसहरूको उत्साहजनक सहभागिता रह्यो । बिहान १० बजेदेखि खोप लगाइएको नगरपालिकाको स्वास्थ्य शाखाका सहसंयोजक उमेश साहले बताए । उनले भेरोसिल खोप साउन २१ र २२ गते नगरपालिकाको स्वास्थ्य केन्द्रमा लगाइने जानकारी गराए ।

### एक सातामा १३ जना सङ्क्रमण पुष्टि

प्रस, वीरगंज, २० साउन/

नारायणी अस्पतालको पिसिआर प्रयोगशालाले गत एक सातामा १३ जना सङ्क्रमित पुष्टि गरेको छ ।

अस्पतालका कोभिड संयोजक डा उदयनारायण सिंहले साउन १४ देखि १९ गतेसम्म १३ जना सङ्क्रमित पुष्टि भएको बताए । उनले एक सातामा सङ्क्रमित पुष्टि हुनेमध्ये पर्साका ९, बारा, सर्लाही, रौतहटका १/१ जना रहेको बताए । उनले एक सातामा १६ र १७ गते एकजना पनि सङ्क्रमित पुष्टि नभएको र साउन १४ गते तीनजना, १५ गते ५ जना, १८ जना ४ जना र १९ गते एकजना गरी १३ जना सङ्क्रमित पुष्टि भएको बताएका छन् । एक सातामा ३८५ जनाको स्वाब परीक्षण भएको उनले बताए ।

## पौने ३८ अर्बको भटमास र सूर्यमुखी तेल निर्यात

राधेश्याम पटेल, वीरगंज, २० साउन/

मुलुकको प्रमुख भन्सार नाका वीरगंज भन्सार नाकाबाट गत आवमा करीब पौने ३८ करोड मूल्यबराबरको प्रशोधित तेल भारत निर्यात भएको छ । रु ३६ अर्ब ५ करोडको भटमासको तेल र १ अर्ब ८० करोडको सूर्यमुखीको प्रशोधित तेल भारत निर्यात भएको छ । यो परिमाण अघिल्लो आव २०७६/७७ को तुलनामा निकै बढी हो । मूल्यको आधारमा तुलना गर्ने हो भने भटमासको तेल करीब अघिल्लो वर्षभन्दा ३३७ प्रतिशतले र सूर्यमुखी तेलको निर्यात करीब ३ हजार प्रतिशतले वृद्धि भएको वीरगंज भन्सारले जनाएको छ ।

वीरगंज नाकाबाट भटमास र सूर्यामुखी तेल गरी कुल २ लाख ८ हजार २०४ मेट्रिकटन रिफाइन्ड तेल निकासी भएको वीरगंज भन्सारका प्रमुख भन्सार अधिकृत ओमप्रकाश खनालले बताए । उनका अनुसार पर्सा, बाराका करीब १३ वटा उद्योगले इन्डोनेसिया र मलेसियाबाट अर्धप्रशोधित (क्रुड आयल) तेल नेपाल भित्रियाएर स्वदेशी उद्योगमा प्रशोधन गरी भारत निकासी गर्ने गरेका छन् । वीरगंज भन्सारबाट निकासी हुने २० वटा वस्तुमध्ये एक नम्बरमा भटमासको तेल नै रहेको प्रमुख भन्सार अधिकृत पौडेलले स्पष्ट पारे ।

वीरगंज भन्सारको तथ्याङ्क शाखाका अनुसार गत आवको साउनदेखि असारसम्म १ लाख ९७ हजार ३२६ टन भटमास र १० हजार ८६७ टन सूर्यमुखीको तेल भारत निर्यात भएको छ । भारतको बिहार, उत्तरप्रदेश, उत्तराखण्ड, दिल्ली, राजस्थान, गुजरात, मध्यप्रदेशलगायत प्रदेशमा नेपालबाट प्रशोधित सोयाबिन, पाम र सूर्यमुखी तेलको खूबै माग रहेको छ । तर गत २०७७ वैशाख ३० देखि भारत सरकार मातहतको विदेश व्यापार निर्देशनालयले सर्कुलर जारी गर्दै नेपालबाट भारतमा हुने पाम तेलको निकासीमा प्रतिबन्ध लगाएको थियो । जुन प्रतिबन्ध अहिले आएर १४ महिनापश्चात् गत जुलाई १ देखि आगामी ६ महीना अर्थात् डिसेम्बरसम्म फुकुवा गरेको छ । गत आवको जेठ मसान्तदेखि पाम आयलको निकासी रोकिएपछि पर्सा/बाराका उद्योगी व्यवसायीहरूले पाम आयलको प्रशोधन रोकेर सोयाबिन तेलको निकासीमा जोड दिएका थिए । जसले गर्दा सोयाबिन तेलको निकासी अस्वाभाविकरूपमा वृद्धि हुँदै गएको छ । वीरगंज उद्योग वाणिज्य सङ्घका अध्यक्ष सुबोध गुप्ताले अहिले आएर चालू आवमा पाम तेलको निकासी पनि खुल्ला गरिएकोले वीरगंज करिडोरबाट पाम, सोयाबिन र सनफ्लावर गरी तीन प्रकारका प्रशोधित तेलको निकासी अझै बढ्ने विश्वास व्यक्त गरे ।

भारतमा तेलको माग बढिरहेको अवस्थामा अन्य मुलुकबाट भारतीय आयातकर्ताले आयात गर्दा उच्च भन्सार मूल्यका कारण महँगो पर्न जान्छ । त्यस कारण भारतीय आयातकर्ता नेपालबाटै प्रशोधित तेल आयात गर्न ललायित छन् । भारतीय आयातकर्ताले नेपालबाहेक अन्य देशमा आयात गर्दा ४० प्रतिशतसम्म भन्सार महसूल तिर्नुपर्छ भने नेपालबाट तेल आयात गर्दा ५ प्रतिशत मात्र जिएसटी तिर्नुपर्छ । यता, नेपाली आयातकर्ताहरूले कच्चा तेल आयातमा मात्र १० प्रतिशत भन्सार महसूल बुझाए पुग्छ । तिरेको भ्याट निकासी गर्दा फिर्ता पाइन्छ । नेपाली उद्योगले दक्षिण एशियाली स्वतन्त्र व्यापार क्षेत्र (साफ्टा)अन्तर्गतको सुविधामा शून्य भन्सारमा निकासी गर्न पाउँछन् । यही महसूल अन्तरले नेपालबाट तेल निकासी सम्भव भएको उद्योगीहरू बताउँछन् । वीरगंज र विराटनगरका करीब डेढ दर्जनभन्दा बढी उद्योगले भारततर्फ प्रशोधित तेल निर्यात गर्दै आएका छन् ।

वर्षात्को समयमा अधिक वर्षाको कारण डुबान तथा पानीजन्य प्रकोपका सम्भावनाहरू बढी हुन सक्छन्; त्यसैले डुबान हुने क्षेत्रहरूमा पानीको बहाव निकास हुने प्रणाली (नाली, पाइप) चालू अवस्थामा राखौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

## कालिकामाई गापाको बहुक्षेत्रीय पोषण कार्यक्रमको रकम फ्रिज

प्रस, वीरगंज, २० साउन/

कालिकामाई गाउँपालिकामा गत आव २०७७/७८ को बहुक्षेत्रीय पोषण कार्यक्रमको रकम फ्रिज भएको छ ।

सङ्घीय सरकारको सशर्त अनुदान अन्तर्गत रु २० लाख ५० हजार रकम बहुक्षेत्रीय पोषण कार्यक्रमको लागि आएको थियो । तर जनप्रतिनिधि र कर्मचारीबीच तालमेल नमिल्दा रकम फ्रिज भएको हो । गापाको स्वास्थ्य शाखा संयोजक योगेन्द्र चौरसियाले बहुक्षेत्रीय पोषण कार्यक्रम अन्तर्गत वितरण गर्नुपर्ने सामग्री खरीद गरिए पनि रकम निकासा नभएको बताए । एकथरी कर्मचारीले जनप्रतिनिधिहरूको दबाबमा प्रमुख प्रशासकीय अधिकृत जयचन्द साह र लेखापाल अभिषेक साहले सङ्घीय सरकारको सशर्त अनुदानमा आएको पोषण कार्यक्रमको रकम फ्रिज भएको आरोप लगाए । उनीहरूले जनप्रतिनिधिले सो कोषबाट पचास प्रतिशत कमिशन माग गरेको र सोमा कुरा नमिलेपछि रकम फ्रिज भएको जानकारी गराएका छन् ।

बहुक्षेत्रीय पोषण कार्यक्रमको लागि लक्षित वर्गसँग भरपाई गराएर कूपनसमेत बाँडिएको थियो तर जनप्रतिनिधि र कर्मचारीबीचको खिंचातानीको कारण रकम फ्रिज भएको हो ।

## प्रदेश २ मा ७२ करोड वित्तीय अपराध

राधेश्याम पटेल, वीरगंज, २० साउन/

प्रदेश २ बाट नेपाल प्रहरीले झन्डै ७२ करोड मूल्यबराबरको राजस्व सङ्कलन गरेको छ । अवैध चोरी निकासी, सुनचाँदी तस्करी, अवैध वित्तीय कारोबार हुण्डी, ट्राफिक नियम पालना नगरेबापत जरिवानालगायत शीर्षकमा त्यति राजस्व सङ्कलन भएको प्रदेश २ प्रहरी कार्यालय जनकपुरधामले जनाएको छ ।

प्रदेश २ का डिआइजी उमेश रञ्जीतकारका अनुसार गत आवको साउनदेखि असार मसान्तसम्म भन्सार कार्यालयहरूमा बुझाइएको अवैध चोरी निकासीका सामान शीर्षकमा रु ५८ करोड ८२ लाख ५१ हजार, २३ किलो ३८८ ग्राम ५१२ मिलीग्राम सुन बरामद भएकोमा रु १८ करोड ६३ लाख ८२ हजार, ११६ किलो २७४ ग्राम चाँदी बरामद भएकोमा रु ५५ लाख ४३ हजार, ४३ जना हुण्डी कारोबारीलाई पक्राउ गर्दा रु ३ करोड ८३ लाख ६७ हजार र २ लाख ५७ हजार ८९ जनालाई ट्राफिक प्रहरीले कारबाई गर्दा रु १९ करोड ४ लाख ५५ हजार गरी कुल रु ७२ करोड २ लाख ३० हजार मूल्यबराबरको राजस्व सङ्कलन भएको हो । त्यसैगरी, अघिल्लो आवको १२ महीनामा यसै शीर्षकमा जम्मा रु ३६ करोड ५२ लाख ७६ हजार राजस्व सङ्कलन भएको थियो । आव २०७६/७७

(बाँकी अन्तिम पातामा)

रू ३५ हजार राशिको

सुबोध स्मृति पुरस्कार २०७८



वीरगंजबाट प्रकाशित पत्रिकामा छापिएका फोटो र बायोडाटासहित साउन २४ गतेसम्म प्रतीक दैनिकको कार्यालयमा बुझाउन सबै फोटोपत्रकारलाई सूचित गरिन्छ ।

इमेल: prateekdaily@gmail.com
अनलाइन: eprateekdaily.com
फेसबूक: facebook.com/prateekdainik

आयोजक: प्रतीक

## विचारसार एवं सूक्तिहरू

**माया त्यो वस्तु हो, जुन बाल्यावस्थामा सित्तै पाइन्छ, जवानीमा कमाउनुपर्छ र बुढेसकालमा माग्नुपर्छ ।**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| प्रबन्ध सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आर. के. पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रकः प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)

त्रिमूर्ति टोल, श्रीपुर, वीरगंज-१४ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५

email: prateekdaily@gmail.com
Website: www.eprateekdaily.com


## दुःखद प्रसङ्ग

**मालपोत कार्यालय पर्सामा जिल्लाका प्रत्येक वडाको श्रेस्ता च्यातिएको खबर आएपछि जोकोहीको चिन्ताको पारा बढेको छ । के ठेकान भोलि आफू बसेको घरजग्गा कुनै भूमाफियाको कुचक्रमा परेर बिरानो हुने हो कि ? यो निकै संवेदनशील विषय हो । र यसको यथाशीघ्र निदान खोजिएन भने भोलि विप्लव खडा हुन सक्छ । जमीन भनेको मानिसको सबैभन्दा प्रिय र गौरवको चीज हो । खासगरी हाम्रो धर्म, समाज र मान्यतामा जमीन नभएको मानिसको अस्तित्व नै नरहेको मानिन्छ । त्यसैले पुरानो राजधर्ममा राजाले कसैको धन–जग्गा विनाकसूर खोस्नुहुँदैन भनिएको छ । यद्यपि आज राजाहरू छैनन्, राजतन्त्रको नामनामेशी मेटिइसकेको छ, आफ्नो जग्गा कसैले जोरजबरजस्ती खोस्न पाउँदैन भन्ने विश्वास बढेको छ, तर कर्मचारीतन्त्रको लापरवाही तथा स्वार्थले गर्दा कुन जग्गा कसको हो भन्ने प्रमाण नै रहँदैन भने समाजमा जङ्गलराज स्थापित हुन के बेर ? राजा भनेको राज्यको मालिक हुन्थ्यो, उसलाई ईश्वरको अवतार मानिन्थ्यो, तर उसले पनि कसैको जग्गा खोस्न नपाउने आचारसंहिताले निर्दिष्ट गरेको थियो । आज लोकतन्त्रमा त्यो अनाचार हुनबाट रोक्ने साधन नै समाप्त पारिएको छ ।**

**नेपालको विद्यमान संविधानले सरकारले कसैको जग्गा–जमीन खोस्न पाउँदैन भन्ने अधिकार प्रदान गरेको छ, तर जग्गाको स्वामित्वबारे विवाद उत्पन्न भयो भने के आधारमा जग्गा कसको हो भन्ने खुट्याउने ? त्यो आधार मालपोतको श्रेस्ता हो । तर सयभन्दा बढी वडा रहेको पर्सा जिल्लाका श्रेस्ता च्यातिएपछि, जसको जग्गाको प्रामाणिकता सिद्ध गर्ने पाना च्यातिएको छ, त्यसमा विवाद पऱ्यो भने कसले र कसरी फैसला गर्ने ? बाहृय, अपुस्ट र सरजमीनबाट ? हामीले देखेका छौं यी तीनै प्रमाण बाहुबलीले मात्र जुटाउन सक्छ र कसैको जग्गा अनधिकार, बाहुबलीले नै कब्जा गर्न सक्छ । विगतमा नै यस्ता कैयौं घटना भएका छन् । व्यक्तिका कुरा छाडिदिउँ, सरकारी, ऐलानी, सार्वजनिक जग्गाहरू धमाधम बाहुबलीहरूको कब्जामा गइरहँदा त राज्य निर्लज्ज भएर हेरिरहृयो भने कुनै निमुखा, निर्बल व्यक्तिको जग्गा बाहुबलीले अतिक्रमण गऱ्यो भने राज्यलाई के खाँचो ? आफ्नो स्वामित्वको जग्गा आफ्नो अनुकूल पार्न नसक्ने राज्यशक्ति किन र केका लागि सामान्य जनताको हकबारे सचेष्ट हुन्छ ।**

**नेपालमा आजसम्म जति पनि राज्य व्यवस्था आएको छ, कसैले नेपाली जनताको शिर ठाडो पार्ने काम गरेको छैन । कहिले तस्कर, कहिले मगन्ते, कहिले श्रम बेच्ने, कहिले अर्काको लागि लडाइँ गर्ने विशेषण नै नेपाली जनताको नियति बन्यो । गर्व र स्वाभिमान प्रकट गर्न सक्ने केही थियो भने जग्गा । तर मालपोतको काम–कारबाईले त्यो पनि कुन बेला हातबाट गुम्छ, ठेकान रहेन । यस्तो काम तानाशाही व्यवस्था मात्र सम्भव हुन्छ । यो भन्न सकिएला कि नेपालमा जे भए पनि तानाशाही त छैन । तर राज्य फितलो, निर्बल र विवेकहीन छ भने त्यो अवस्था तानाशाहीभन्दा पनि दुःखदायी हुन्छ । तानाशाही दुई प्रकारको हुन्छ–प्रत्यक्ष र घुसघुसे । नेपालमा घुसघुसे तानाशाही जहिले पनि रहृयो । प्रत्यक्ष तानाशाहीको चर्तिकला देश–दुनियाँले देख्छ, विरोधमा आवाज उठाउँछ । तर घुसघुसे तानाशाही कसैले देख्दैन । भोग्नेलाई मात्र थाहा हुन्छ । ललिता जग्गा प्रकरण, वीरगंजको माईराम पोखरी प्रकरणजस्ता घिनलाग्दा कामहरू त्यही घुसघुसे तानाशाहीको प्रकटीकरण हो ।**

# वर्तमान अवस्थामा शिक्षाका जोखिमहरू

स्वतन्त्र विचार




सञ्जय साह मित्र
mitrasanjay41@gmail.com


**कोरोनाको जोखिम अवधि लम्बिँदै जाँदा बालबालिकाको पढाइ कमजोर हुने र पढ्ने मनोविज्ञान पनि कमजोर हुने जोखिम बढ्दै गएको छ । शिक्षा क्षेत्रका यस्ता अनेक जोखिमहरूको पहिचान गरी समस्या समाधानतर्फ विचार पुऱ्याउनु आवश्यक देखिएको छ ।**

अहिले दुई किसिमको शिक्षा भन्ने प्रमाणित भएको छ–एकजना अभिभावक चिया खाँदै मनको बह पोख्दै थिए । संस्थागत विद्यालयमा पढ्ने केटाकेटीहरू विद्यालय जान पाएका छन् तर सामुदायिक विद्यालयमा भने अझै पठनपाठन निश्चित छैन, किनभने कोरोनाको जोखिम उच्च छ । संस्थागत विद्यालयहरू पनि औपचारिकरूपमा खुलेका छैनन् तर अधिकांशमा पठनपाठन भइरहेको छ । त्यस्ता संस्थागत विद्यालय जसका अधिकांश विद्यार्थी बसमा आउने गरेका थिए वा होस्टलमा बसेर पढ्ने गरेका थिए, यस्ताको पनि बेहाल छ । स्कूल बस चलेका छैनन् र होस्टलमा अभिभावकले बालबालिकालाई पठाउन मानिरहेका छैनन् । केही बालबालिकाका अभिभावक भने होस्टलमा पठाउन माने पनि होस्टल सञ्चालन गर्न चाहिने आवश्यक सङ्ख्यामा बालबालिका नआउँदा समस्या देखिएको छ । अझै पनि सम्पूर्ण संस्थागत विद्यालय पूर्णरूपमा चलेका छैनन् र चलिरहेकाले पनि घन्टी बजाएर चलाएको पाइएको छैन । औपचारिक कक्षाभन्दा कोचिङको नाम दिएर कक्षा सञ्चालन गरेको भनिरहेका छन् । यद्यपि कक्षा सञ्चालन भइहरेको र कक्षा सञ्चालन केवल संस्थागत विद्यालयको मात्र भइरहेको सन्दर्भलाई नै कतिपय अभिभावकले अहिले दुई थरी शिक्षा भयो भन्न खोजेका हुन् ।

एउटा अवस्था कस्तो छ भने संस्थागत विद्यालयमा प्रायः हुनेखानेका बालबालिकाहरू अध्ययन गर्छन् । हुँदा खानेका बालबालिकाहरू सामुदायिक विद्यालयमा अध्ययन गर्छन् । यो शतप्रतिशत सही तथ्याङ्क होइन, तर औसत यही देखिएको छ । मुख्यगरी प्राथमिक तहको विद्यालयमा पढ्ने बालबालिकामा अधिकांश विपन्न समुदायका हुने गरेका छन् र प्राथमिक तहको संस्थागत विद्यालयमा पढ्ने बालबालिका अलि सम्पन्न वा मध्यम वर्गका हुने गरेका छन् । अहिले जब संस्थागत विद्यालयहरू अनौपचारिक नै भए पनि सञ्चालनमा आइसकेका छन्, पढाइमा पछाडि पर्ने उही विपन्न समुदायका बालबालिका परेका छन् । यसरी एकथरी विद्यार्थी घरमा बसेका छन् र अर्काथरी विद्यालयमा पढिरहेका छन् । चिया पसलका अभिभावकको दृष्टिमा शिक्षा दुई किसिमको हुनुलाई अस्वाभाविक मान्नुहुँदैन, किनभने उनले जे देखेका छन्, सोही अभिव्यक्त गरेका छन् ।

गत असार महीनादेखि देशमा नयाँ शैक्षिक सत्र शुरू भएको छ । नयाँ शैक्षिक सत्रको शुरूआत भएपछि धेरै स्थानीय तहले वैकल्पिक माध्यमबाट पठनपाठनलाई अगाडि बढाउने निर्देशन पनि दिएको भनिएको छ । शहरी क्षेत्रमा केही मात्रामा वैकल्पिक विधिबाट पठनपाठन भइरहेको हुनुपर्छ तर ग्रामीण क्षेत्रमा यो प्रभावकारी देखिएको छैन । अझै पनि कतिपय स्थानीय तहले रेडियोबाट पनि पठनपाठन अगाडि बढाएको भनिएको छ तर वास्तवमा श्रोताको अभाव रहेको कसरी मूल्याङ्कन गरिएको छ भने जुन कक्षा सञ्चालन भएको छ, त्यसको खासै प्रतिक्रिया आएको पाइँदैन । जसलाई लक्षियत गरेर कक्षा सञ्चालन गरिएको छ, तिनीहरूले त्यति चासो लिएको पाइएको छैन । यसरी रेडियोमार्फत चलाइएको कक्षा त्यति प्रभावकारी नरहेको सुनिएको छ र गत वर्ष पनि सुनिएको थियो ।

अहिले जुन कोभिड–१९ को नयाँ भेरिएन्ट आएको चर्चा गरिएको छ र देशमा जसरी दैनिक कोरोना सङ्क्रमणमा खासै कमी नआएर उतारचढाव भइरहेको छ र जसरी अझै कतिपय पालिकाले कोरोनाको कारण निषेधित क्षेत्र घोषणा गरिरहेको खबर पनि आइरहेको छ, यसले गर्दा विद्यालय सञ्चालनमा जोखिम रहेको स्पष्ट बुझ्न सकिन्छ । अझ पहिलेदेखि नै नयाँ भेरिएन्टले बालबालिकालाई बढी जोखिम रहेको भन्ने आइरहेको छ । यस अवस्थामा पनि विद्यालयमा नियमित विद्यार्थी पढ्न आउँदा कोही सङ्क्रमित छ भने धेरैमा सङ्क्रमण फैलिने खतरा विद्यमान हुन्छ ।

कतिपयको के भनाइ छ भने बजार खुल्यो, बैंक खुल्यो, बस खुल्यो तर विद्यालय किन खुलेन ? त्रिभुवन विश्वविद्यालयले परीक्षा लिन सक्ने तर कक्षा सञ्चालन गर्न किन नसक्ने ? सोझो रूपमा हेर्दा होजस्तो लाग्छ, तर तात्त्विक रूपमा भने कुरा धेरै भिन्न छ । पहिलो कुरो त बजार, बैंक र बसमा बालबालिकाको उपस्थिति धेरै कम हुन्छ । अहिलेसम्म जे जतिले खोप लिएका छन्, ती सबै प्रौढ हुन् र दोस्रो कुरो परीक्षाको जुन सवाल छ, त्यो कक्षा सञ्चालनभन्दा फरक हुन्छ । परीक्षा नियमित सम्पन्न भयो भने परीक्षार्थीले बढीमा पाँचदेखि सात दिनसम्म उपस्थित हुनुपर्छ । एकै साथ सबैजना बस्नुपर्दैन । यसैगरी एउटा परीक्षादेखि अर्को परीक्षाबीच एक वा दुई दिन ग्याप पनि हुन्छ । तर जब नियमित कक्षा सञ्चालन हुन्छ, अवस्था फरक हुन जान्छ । विद्यालयमा पढ्न जाने विद्यार्थीभन्दा कलेजका परीक्षार्थीको उमेर तथा चेतनाको पनि तुलना गर्नु आवश्यक छ । यसैगरी विद्यालयमा पढाइ हुन थालेपछि हरेक दिन सयौं विद्यार्थी एक साथ बस्नुपर्छ । विद्यालयमा पढ्ने कुनै पनि विद्यार्थीले खोप नलगाएको हुनाले समस्या बढ्ने सम्भावना देखिन्छ । यदि बालबालिकामा कोरोनाको विस्तार कुनै विद्यालयबाट हुन गयो भने निकै भयावह अवस्था आउने जोखिम रहन्छ ।

नेपालमा अहिलेसम्म एउटा जिल्लालाई पूर्ण खोप घोषणा गरिएको छ । यहाँ पूर्ण खोप घोषित जिल्ला भन्नुको अर्थ यो हो कि बालबालिकालाई खोप दिइएको छैन र खोप पाउने उमेरका सबैले खोप पाइसकेका छन् । अझै पनि खोपको निकै कमी छ र खोपको अभाव भएकोले सबैले खोप पाउन सकेका छैनन् । देशमा हरेक दिन कोरोना सङ्क्रमितको जुन तथ्याङ्क सार्वजनिक हुन्छ त्यसमा केही सङ्ख्यामा बालबालिका पनि हुने गरेका छन् । कोरोना सङ्क्रमणको डर तत्काल बिरामी पर्नु वा निको हुनुभन्दा पनि कतिपय सञ्चारमाध्यमले यो पनि बताइरहेका छन् कि कोरोना सङ्क्रमित मानिस निको भइसकेपछि पनि विभिन्न किसिमका रोगको जोखिममा रहन्छ । कतिपय खतरनाक रोग देखिने दाबी गरिएको छ । समाचारहरू आइरहेका छन् । यस कारण पनि बालबालिकालाई सम्भव भएसम्म कोरोना सङ्क्रमणको जोखिमबाट जोगाउनु उचित हुन्छ ।

जोखिम बालबालिकालाई मात्र छ भन्ने होइन । शतप्रतिशत मानिसले खोप नलगाउँदासम्म कोरोनाको जोखिम उत्तिकै रहन्छ । यसको अर्थ यो होइन कि सबैले कोरोना खोप लगाइसकेपछि कोरोना निर्मूल हुन्छ । कोरोनाको खोप लगाइसकेपछि पनि जोखिम रहन्छ । कोरोना खोप लगाउनेलाई पनि कोरोना भाइरसले समात्ने गरेको छ । अहिलेको अवस्था कस्तो देखिएको छ भने धेरैले खोप लगाएका छैनन् र बजारमा सम्पूर्ण गतिविधि सामान्य अवस्थामा आइसकेको छ । यसले गर्दा जोखिम बढेको हो । पहिले पनि यस्तै भएको हो । मलाई केही हुँदैन, म सुरक्षित छु, कोरोना केही पनि होइन जस्ता भ्रमहरू सर्वसाधारणमा गयो र कोरोनाको दोस्रो भयावह लहर देखियो । धेरै क्षति पुऱ्याएको दोस्रो लहरभन्दा पहिलेको अवस्थामा सामाजिक गतिविधि जस्तो थियो, अहिले उस्तै छ । सरकारको विभिन्न निकायले सावधानीका विभिन्न उपाय अवलम्बन गर्न आग्रह गरिरहँदा, चेतावनी दिइरहँदा पनि सर्वसाधारणको नाकमा मास्क बिरलै देखिन्छ र सर्वसाधारणले भौतिक दूरी पालना गर्ने काम फिटिक्कै गरेका छैनन् । यसले गर्दा जोखिमको सम्भावना उच्च रहेको छ र बालबालिकाहरू झन् उच्च जोखिममा रहेको देखिन्छ । यसरी बालबालिका उच्च जोखिममा छन् भने झन् विद्यालय पठाउनु उचित होला त ? गम्भीर विमर्श हुनु आवश्यक देखिन्छ ।

हो, गत वर्ष पनि धेरै समय पढाइ भएन । एक वर्ष विद्यालय सञ्चालन हुनुपर्नेमा छ–सात महीना मात्र विद्यालय सञ्चालन हुन सक्यो । झन्डै आधा समय पढाइ भएर बालबालिकाको कक्षोन्नति भयो । प्रायः तीनवटा परीक्षा हुनुपर्नेमा कतिपय विद्यालयले एउटा मात्र परीक्षा लिए भने कतिपयले त्यो पनि लिन पाएनन् । सबै विद्यार्थीको कक्षोन्नति भएपछि अधिकांश बालबालिकामा किन पढ्ने त, भन्ने भावना आएको हुन सक्छ । पढ्ने पनि पास गर्छन्, नपढ्ने पनि पास गर्छन् भने पढ्ने दुःख नगर्ने मनोविज्ञान बालबालिकामा पलाउने जोखिम पनि छ । तर विश्वव्यापी महामारीले झन्डै विश्वलाई नै प्रभावित पारिरहेको छ भने कुनै एक क्षेत्रमा चिन्तन गरेर वा नतीजा विश्लेषण गरेर हुँदैन ।

कोरोना सङ्क्रमणको उच्च जोखिम रहेको वर्तमान अवस्थामा दैनिक गतिविधि पनि कुन बेला फेरि प्रभावित हुने हो चर्चा चल्न थालेको छ । अस्पताल कोरोना सङ्क्रमितबाट फेरि भरिन थालेको खबर आइरहँदा यो शैक्षिक सत्र गुम्ने चिन्ता बढेको छ । संस्थागत विद्यालयहरूमा कार्यरत शिक्षकहरूमध्ये अधिकांशले तलब नपाएको र बेरोजगारी हुने अवस्थामा पुग्ने कुरा पनि छ । कतिपय लगानीकर्ता विद्यालय बेच्ने सुरसार गर्दैछन् । भाडाको घरमा सञ्चालित विद्यालयका लगानीकर्ताको अवस्था त अकल्पनीय दयनीय बनेको छ । कोरोना महामारीको अवधि लम्बिँदै गर्दा संस्थागत विद्यालयका लगानीकर्ताहरू पलायन हुने जोखिम बढेको छ । विद्यालयमा भौतिक उपस्थितिसहित पढ्न नपाउँदा पढ्ने, परिश्रम गर्ने, पढाइप्रति गम्भीर हुने पक्ष कमजोर बन्दै गएको छ । कोरोनाको जोखिम अवधि लम्बिँदै जाँदा बालबालिकाको पढाइ र पढ्ने मनोविज्ञान कमजोर हुने जोखिम बढ्दै गएको छ ।

# बीमासम्बन्धी जनचेतनामूलक अन्तर्क्रिया




प्रस, रौतहट, २० साउन/

स्थानीय निकाय तथा सरोकारवालाहरूसँग बीमासम्बन्धी जनचेतनामूलक अन्तर्क्रिया उद्योग वाणिज्य सङ्घ गौरको सभाहलमा बुधवार सम्पन भएको छ ।

बीमा समितिद्वारा आयोजित कार्यक्रममा गौर नगरपालिकाका प्रमुख अजयकुमार गुप्ताले बीमा कम्पनीले बदमाशी गरेको खण्डमा बीमा समितिले कारबाई गर्ने कुराको जानकारी जनसमुदायमा नरहेको बताए ।

जीवन बीमामा कठिनाइ नभए पनि व्यापार तथा व्यवसायमा गरेका बीमामा कठिनाइ हुने गरेको नगरप्रमुख गुप्ताले बताए ।

बीमा गर्ने क्रममा अभिकर्ताले प्रतिबद्धता गरेका कुरा भुक्तानी हुने गर्ने बेलामा बीमा कम्पनीले विभिन्न बहानामा रकम कटौती गर्ने गरेकोप्रति उनले दुःख व्यक्त गरे ।

स्वास्थ्य बीमा गरेका व्यक्तिले सरकारी अस्पतालमा उपचार गराउन जाँदा राम्रोसँग उपचार नपाएकाले अधिकांशले स्वास्थ्य बीमा गराउन नचाहेको नगरप्रमुख गुप्ताले अवगत गराए । बीमा समितिका संयोजक दिनेशलाल कर्णले विभिन्न बीमा कम्पनीबारे जानकारी गराएका थिए ।

नेपाल पत्रकार महासङ्घ रौतहटका अध्यक्ष प्रेमचन्द्र झाले सरकारी कर्मचारी, राजनीतिक दलका नेता–कार्यकर्ता, शिक्षक जस्ता अन्य व्यवसाय गरेका व्यक्तिलाई बीमा अभिकर्ता बनाएकोमा जनमानसमा विश्वासको कमी देखिएको बताए ।

बीमा कम्पनीले कर्मचारी नियुक्त गरी बीमा अभिकर्ता बनाउन उनले सुझाव दिए । कतिपय अभिकर्ताद्वारा जनता ठगिएको कुरा उनले अवगत गराएका थिए ।

त्यसैगरी, उद्योग वाणिज्य सङ्घका महासचिव गङ्गाधर वर्मा, गौर नगर पालिकाकी उपप्रमुख किरण ठाकुरलगायतले आआफ्नो धारणा राखेका थिए ।

बीमा समितिले अभिकर्तालाई कुनै उपलब्धि नगराएको बीमा अभिकर्ताहरूले गुनासो गरेका थिए ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# अन्तर्राष्ट्रिय समाचार

## भारतमा थप ४२ हजार ६२५ कोरोना सङ्क्रमित

नयाँ दिल्ली, २० साउन/एएनआई

भारतमा कोरोना भाइरसबाट थप ४२ हजार ६२५ जना सङ्क्रमित भएका छन् ।

कोरोना भाइरसबाट सङ्क्रमितको कुल सङ्ख्या तीन करोड १७ लाख ६९ हजार १३२ पुगेको केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले मङ्गलवार जानकारी दिएको छ ।

भारतमा अहिले पनि सक्रिय सङ्क्रमितको सङ्ख्या चार लाख १० हजार ३५३ रहेको छ । यो सङ्ख्या कुल सङ्क्रमितको १.२९ प्रतिशत हो ।

गत २४ घण्टाको अवधिमा कोरोना भाइरसका कारण भारतमा ५६२ जनाको मृत्यु भएको छ । कोरोना सङ्क्रमणका कारण भएको कुल मृतकको सङ्ख्या चार लाख २५ हजार ७५७ पुगेको पनि मन्त्रालयका अधिकारीले जनाएका छन् ।

पछिल्लो २४ घण्टामा भारतमा ३६ हजार ६६८ जना कोरोना भाइरस सङ्क्रमणमुक्त भएका छन् । भारतमा कोरोना भाइरसको महामारी फैलिएदेखि अहिलेसम्म सङ्क्रमणमुक्त भएकाको कुल सङ्ख्या तीन करोड नौ लाख २२ हजार ३५४ रहेको छ ।

सरकारी अधिकारीले दिएका जानकारी अनुसार कुल सङ्क्रमितमध्ये ९७.३७ प्रतिशत सङ्क्रमित सङ्क्रमणमुक्त भइसकेका छन् ।


तस्वीर: फाइल

हालसम्म यहाँ ४७ करोड ३१ लाख ४२ हजार ३०७ जनाको कोरोना भाइरस परीक्षण गरिएको छ । हिजो एकै दिनमा १८ लाख ४७ हजार ५१८ जनाको कोरोना परीक्षण भएको थियो ।

भारतमा गत जनवरी १६ बाट कोरोना भाइरसविरुद्ध खोप अभियान शुरू भएको थियो । सो समयदेखि अहिलेसम्म ४८ करोड ५२ लाख ८६ हजार ५७० मात्रा कोरोना भाइरसविरुद्धको खोप लगाइएको छ ।

**बेलायतमा कोरोनाबाट हुने मृत्यु फेरि बढ्यो**

लन्डन/सिन्ह्वा

कोरोना भाइरसबाट हुने मृत्यु बेलायतमा फेरि बढेको बताइएको छ । यहाँ मङ्गलवार त्यसअघिको २४ घण्टामा कोरोना भाइरसको सङ्क्रमणबाट १३८ जनाको ज्यान गएको समाचारमा जनाइएको छ ।

यो मृत्यु गएको पाँच महीनापछिको नै सबैभन्दा बढी हो । यसअघि गएको मार्च १७ पछि यहाँ मङ्गलवार सबैभन्दा बढी नागरिकको यो भाइरसबाट ज्यान गएको थियो ।

यहाँ पछिल्लो समयमा कोरोनाबाट सम्बन्धित मृत्यु बढ्दै गएको छ । यहाँ अहिलेसम्म एक लाख २९ हजार ८८१ जनाको कोरोनाबाट मृत्यु भएको छ ।

पछिल्ला केही हप्तामा यहाँ फेरि नयाँ भेरियन्टको कोरोना भाइरसको सङ्क्रमण बढ्दै गएको देखिएको छ । यसबाट सङ्क्रमणमा पनि वृद्धि भएको यहाँका स्वास्थ्य अधिकारीले बताएका छन् । त्यसैगरी, यहाँ गएको २४ घण्टामा २१ हजार ६९१ जना सङ्क्रमित भएका छन् । यो सङ्ख्या पनि पछिल्लो समयमा देखिएको धेरै सङ्ख्या हो ।

योसमेत गरी बेलायतमा ५९ लाखभन्दा बढी मानिस यो भाइरसबाट सङ्क्रमित भएको समाचारमा जनाइएको छ । रासस

## युएईमा बालबालिकालाई पनि चिनियाँ खोप लगाइने

दुबई, २० साउन/सिन्ह्वा

संयुक्त अरब इमिरेट्स (युएई)का बालबालिकालाई पनि कोरोना भाइरसविरुद्धको चिनियाँ खोप लगाइने भएको छ ।

युएईको स्वास्थ्य मन्त्रालयले चिनियाँ खोप सिनोफार्म बालबालिकालाई पनि लगाउन सकिने निष्कर्ष निकाल्दै अनुमति दिने निर्णय गरेको हो ।

मन्त्रालयका अधिकारीहरूका अनुसार ३ देखि १७ वर्षसम्मका बालबालिकालाई पनि सिनोफार्म खोप लगाउन अनुमति दिइने भएको हो ।

खोपका बारेमा गरिएको चिकित्सकीय परीक्षणबाट प्राप्त नतीजाका आधारमा बालबालिकालाई पनि खोप लगाउन सकिने निष्कर्ष निकालिएको अधिकारीहरूले जनाएका छन् ।

बालबालिकालाई कोरोना भाइरसविरुद्धको खोप लगाउन अरू देशहरूले आँट नगरिरहेका बेला युएईले गरेको निर्णयबाट धेरैलाई खुशी तुल्याएको छ ।

"बालबालिकालाई पनि खोप लगाएपछि कोरोना भाइरसको महामारीविरुद्ध लड्न धेरै सजिलो हुने अपेक्षा गरिएको छ," राज्यद्वारा सञ्चालित समाचार संस्थाले सम्प्रेषण गरेको समाचारमा उल्लेख गरिएको छ ।

चीनमा विकास गरिएको र विश्वका धेरै देशमा प्रयोग भइरहेको सिनोफार्म खोप युएईमा पनि उत्पादन गर्न थालिएको छ ।

## लेबनानद्वारा विश्व समुदायसँग सहयोगको याचना

बेरुत, २० साउन/सिन्ह्वा

लेबनानले मुलुक गम्भीर सङ्कटमा पुगेकोले सहयोगका लागि विश्व समुदायलाई अनुरोध गरेको छ ।


राष्ट्रपति मिचेल औन । तस्वीर: सिन्ह्वा

राष्ट्रपति मिचेल औनले बुधवार मुलुक अति अप्ठ्यारो अवस्थामा पुगेको बताउँदै सहयोग गर्न सबैलाई अनुरोध गरेका हुन् ।

राष्ट्रपति कार्यालयद्वारा जारी वक्तव्यमा विश्व समुदायको सहयोग अत्यावश्यक भइसकेको उल्लेख गरिएको छ ।

विकासमा धेरै पछाडि परेको मुलुक लेबनानमा अहिले अकल्पनीय तरीकाले गरीबी बढिरहेको छ ।

त्यसैगरी, कोरोना भाइरस महामारीले पनि लेबनानलाई नराम्रोसँग थला पारेको छ । महामारीका कारण औषधिको अभाव र स्वास्थ्य सेवामा समस्या भइरहेको छ ।

सरकारी अधिकारीहरूका अनुसार सिरियाबाट विस्थापितहरूको ठूलो भार पनि लेबनानलाई नै परेको छ । त्यसैले लेबनानलाई सहयोगको खाँचो परेको उनीहरूले बताएका छन् ।

लेबनानमा अहिले विद्युत् तथा पानीसम्बन्धी सेवाका लागि भौतिक संरचनाहरू निर्माण तथा मर्मत गर्न सहयोगको आवश्यकता रहेको छ । त्यसैगरी, लेबनानको सैनिकलाई पनि सहयोगको खाँचो रहेको राष्ट्रपतिले उल्लेख गरेका छन् ।

बेरुत नाकालाई पूर्णरूपमा सञ्चालनमा ल्याउनका लागि चाहिने सहयोग आफूहरूका लागि सबैभन्दा प्राथमिकतामा रहेको उनको भनाइ छ ।

बेरुत नाका देशको अर्थतन्त्रका लागि ठूलो कोसेढुङ्गा भएपनि अहिले सञ्चालन नभएकाले समस्या भएको जनाइएको छ ।






## हार्दिक श्रद्धाञ्जलि


स्व. सावित्री मानन्धर

हाम्रा प्रात: स्मरणीय आमा **सावित्री मानन्धर**को निधन भएकोमा आज वार्षिक पुण्यतिथिको अवसरमा भावपूर्ण श्रद्धाञ्जलि अर्पण गर्दछौं । यस दु:खद अवस्थामा सहभागी भएर साथ दिनुहुने सबैमा हार्दिक आभार प्रकट गर्दछु ।

**छोरा/बुहारी: सुशील/माला मानन्धर**
**नाति: स्मित, सुमीत मानन्धर** एवं समस्त मानन्धर परिवार

# सीमा सुरक्षा कि अपराध

भारतीयहरूले नेपालीलाई हेप्ने क्रम बढ्दो छ । सबैलाई थाहै छ, भारतीय नेताहरूले बेला–कुबेला नेपालका नेताहरूलाई औंलामा नचाउने र औकात देखाउने गर्दछन् । हाम्रा नेताहरूको नालायकीपनले गर्दा सीमा सुरक्षाको नाममा भारतीय सुरक्षाकर्मीहरूले नेपालीहरूको जघन्य हत्यासमेत गर्न थालेका छन् । नेपाली नेताहरूको पहुँच खूबै बुझेका भारतीय सुरक्षाकर्मीहरूले सीमा क्षेत्रमा नेपालीहरूलाई लुट्ने, कुट्ने, अपशब्द प्रयोग गर्ने, महिला र केटाकेटीसमेतलाई डर, धाक, त्रास देखाउँदै आएका छन् । बडादशैंताका उताबाट पसिना बगाएर यता आउने नेपालीहरू सर्वप्रथम उताका सुरक्षाकर्मीहरूबाटै लुटिएर धोती न टोपी भएका थुप्रै उदाहरण छन् ।

मन्तव्य


कुमार रुपाखेती

**सीमा क्षेत्रका नेपालीहरूलाई उताका अपराधी, उताका उद्दण्ड सुरक्षाकर्मीबाट जोगाउन र सीमा क्षेत्रलाई सुरक्षित बनाउन नेपालका कुनै पनि सरकारले चासो नदेखाएकाले यहाँका बासिन्दाहरू भाग्य भरोसा बाँच्न र भारतीयहरूको मिचाइ, थिचाइ सहन बाध्य छन् ।**

चिनियाँ सीमा र पाकिस्तानी सीमा क्षेत्रमा पुच्छर लुकाएर लुत्रुक्क पर्ने भारतीय सुरक्षाकर्मीहरू नेपाली सीमामा शुरवीर बनेका देखिन्छन् । सीमा स्तम्भ गायब गर्ने, सार्ने, हातहतियार र पोशाकसहित नेपाल छिर्ने, नेपालीहरूसँग विनासित्ति जोरी खोज्ने, हप्ता वसुली गर्ने आदि कार्य यिनीहरूको बेरोकटोक दैनिकी बनेको छ ।

नेपाल सरकार अहिले राजनीतिक र कूटनीतिक स्तरमा समेत भारतसँग आँखा जुधाएर बहस गर्ने क्षमता राख्दैन । मोही माग्ने ढुङ्ग्रो लुकाउने प्रवृत्तिको हुतिहारा सरकारी नीतिले गर्दा अस्ति शुक्रवार दार्चुलाको मालघाटमा जयसिंह धामी तुइनमार्फत महाकाली नदी तर्ने क्रममा उताका सुरक्षाकर्मीको अतिवादको शिकार भए र महाकाली नदीमा बेपत्ता भए । सीमा क्षेत्रमा पटक–पटक यस्ता ज्यादती हुँदासमेत उल्टे चोर कोतवालके डाटे स्तरमा भारतीय पक्ष गरम र नेपाली पक्ष नरम हुनुलाई धेरैले नेपाली पक्षको अक्षमताको रूपमा मूल्याङ्कन गर्दै आएका छन् । चीन, पाकिस्तान स्तरको उग्र सीमा विवाद नेपाल र भारतबीच नभए पनि सीमा क्षेत्रका बासिन्दा पटक–पटक यिनको ज्यादतीको शिकार बन्दै आएका छन् । दार्चुलाको सदरमुकाम खलङ्गा पुग्न भारतीय भूमिको प्रयोग गर्नु त्यहाँका बासिन्दाको बाध्यता हो । यही बाध्यताको फाइदा उठाउँदै यिनीहरूले दैनिकजसो नेपालीको हुर्मत लिने, सात्तो काढ्ने काम गर्दै आएका छन् । सीमा सुरक्षाको बहानामा नेपालीहरूको कत्लेआम गर्दै आएका छन् । यसअघि पनि कञ्चनपुर सीमा क्षेत्रमा भारतीय सुरक्षाकर्मीहरूले अनाहकमा गोविन्द गौतमको हत्या गरी दुर्नामी कमाएकै हो । दार्चुला घुम्न जाने पर्यटकहरूले अहिले पनि भारतीय सुरक्षाकर्मीहरू हातमा आरा लिएर महाकाली नदीको किनारै किनार गस्ती गरिरहेको सहजै देख्न सक्छन् । हातमा लिएको यही आराले तुइन काट्ने काम गरिन्छ, मान्छे मारिन्छ । सीमा क्षेत्रमा बस्नेहरूको अपमान, घटिया व्यवहार र हत्यासमेत भोग्नुपर्ने नियति नै बनेको छ । एकताका माओवादीहरूले गाउँ पसेर, हत्या गर्ने, थर्काएर कुखुरा–खसी काटेर खान्थे । अचेल दुर्गम सीमा क्षेत्रमा भारतीय सुरक्षाकर्मीहरूसमेतले यही धन्दा अपनाएका छन् । हेक्का रहोस्, खुला सीमा भएकोले नै भारत–नेपालबीच विशेष सम्बन्ध रहेको हो । खुला सीमामा हुने आतङ्कबाट आजित राजा महेन्द्रले काँडेतार लगाउने प्रस्ताव राख्दा इन्दिरा गाँधी रिसले रातोपिरो हुँदै ठाडै विरोध गरेकी थिइन् ।

खरायो र सिंहको कथाले सानो भनेर हेला नगर्नु भन्ने सदेश दिए पनि भारतीय पक्षले नेपाल सामु सधैं ठालुपन देखाउँदै आएको छ । पाकिस्तानी र चिनियाँ क्षेत्रमा सदाबहार सीमा विवाद चर्केपछि भारतका अन्य रेजिमेन्ट त्यता जान आनाकानी गरे पनि गोर्खा पल्टनले कमान सम्हाल्दै आएको सबैलाई थाहै छ । भारतीय सुरक्षाविज्ञ भन्छन्– "गोर्खा पल्टन नभए, भारतीय सेना अपूर्ण, अधूरो देखिन्छ ।" तर तल्लास्तरका भारतीय सुरक्षाकर्मीहरूको व्यवहार भने आतङ्कित गर्ने खालको देखिन्छ । तुइनमा नदी पार गरिरहेको देख्दादेख्दै तुइनको तार काट्नेहरूलाई त म आतङ्ककारी नै भन्दछु । सुरक्षाकर्मीको भेषमा आतङ्ककारी । प्रत्यक्षदर्शीहरूले हाकाहाकी तुइनको तार काटेको देख्दासमेत भारतले हाकाहाकी समेत झूट बोल्दै तार काटेको होइन तारमा अल्झिएर नदीमा लापता भएको भन्छ । भारतको अन्य मुलुकसँगको सीमा क्षेत्रभन्दा नेपालको सीमा क्षेत्र शान्त मानिन्छ । तर बेलाबेलामा भारतीय पक्षले यहाँको शान्ति र भाइचारा खलबल्याइरहन्छ । मलाई त अब के लाग्छ भने चीन र पाकिस्तान सीमा क्षेत्रमा पनि भारतीय पक्षले यस्तो अर्घेलोपन देखाइरहन्छ अनि गोला–बारुद भइरहन्छ र दोष विपक्षीलाई लगाउँछ । यहाँ नाकामा सुरक्षा छैन तर वीरगंजमा ठालूहरू नाका सौन्दर्यीकरणको हावादारी अभियानमा लागेका छन् । जहाँ सुरक्षा छैन, त्यहाँ सौन्दर्यीकरणको प्रश्न उठ्दैन । सौन्दर्यीकरणको आवरणमा व्यापारीकरण छिपेको देखिन्छ । हुनेखानेहरू अचेल वीरगंजमा रात बिताउनुको सट्टा सिमरा, हेटौंडामा बास बस्न मन पराउँछन् । वीरगंजको आदर्शनगर यहाँको व्यापारिक केन्द्र हो । आफ्नो क्षेत्रलाई व्यापारिक क्षेत्र बनाउने, सुरक्षित बनाउने (चारैतिर प्रहरी चौकी राखेर) अनि सीमा क्षेत्रलाई सुरक्षित बनाउनुको सट्टा अन्यथा कुरा गर्ने, भ्रम छर्ने । अर्बौं बजेट भएको महानगरपालिका नै जब वीरगंजको सुन्दरता बढाउन असमर्थ छ अनि 'बड बड घोडी दहाइल जाए, गदाहा बोले केतना पानी' भनेजस्तो कुरा गरेको सुहाउँदैन । सीमा क्षेत्रमा सुरक्षाको स्तर खस्केको सबैलाई थाहै छ । हत्या गरेर सीमा पार भाग्न यहाँका अपराधीहरूलाई कसैले सिकाउनुपर्दैन । सीमा क्षेत्रका कतिपय सफेदपोशहरूको साँठगाँठ पारिका अपराधीहरूसँग हुन्छ । उताकालाई यता संरक्षण दिने नेपाली पनि सीमा क्षेत्रमा प्रशस्तै छ । दोहोरो नागरिकता लिनेहरूलाई सीमा क्षेत्रमा सम्मानित नागरिक ठानिन्छ । स्थानीय प्रशासनलाई दिग्भ्रमित गर्ने गलत सूचना दिनेहरू पनि यही छन् । प्रदेश नं २ तस्करहरूको स्वर्ग हो भने वीरगंज तस्करीको प्रमुख नाका हो । पोके तस्करी गर्ने गरीबहरू सधैं समातिए पनि तस्करीका ठूला माछाहरू यहाँ सम्मानित जीवन बिताउँदै समाज सेवामा होमिएको नाटकसमेत देखाउँछन् । अहिले दार्चुलामा भएको अमानवीय घटनामा प्रदेश २ लाटो र बहिरो बनेको छ । झारातिरुवा काम गर्न खप्पिस नेपाल सरकारले आँखामा छारो हाल्न, सत्यतथ्य पत्ता लगाउन समिति त बनाएको छ । २०१७ सालमा विपी प्रधानमन्त्री हुँदा मुस्ताङ जिल्लामा सीमा क्षेत्रमा विवाद हुँदा चिनियाँ सुरक्षाकर्मीले नेपाल छिरेर हाम्रा सुरक्षाकर्मीलाई मार्दा विपीको पहलमा चाउएनलाईले माफी माग्दै रु ५० हजार क्षतिपूर्ति दिँदै अब उप्रान्त यस्तो घटना नदोहोरिने वाचा गरे । जुन आज पर्यन्त कायम छ । तर भारतीय सुरक्षाकर्मीहरू दिनदहाडै अपराध गर्ने, सत्यतथ्य लुकाउने अनि कुकुरको पुच्छर १२ वर्ष ढुङ्ग्रोमा राखे पनि उस्तै प्रवृत्ति दोहोऱ्याउने गरेको देखिन्छ । सीमा क्षेत्रका नेपालीहरूलाई उताका अपराधी, उताका उद्दण्ड सुरक्षाकर्मीबाट जोगाउन र सीमा क्षेत्रलाई सुरक्षित बनाउन नेपालका कुनै पनि सरकारले चासो नदेखाएकाले यहाँका बासिन्दाहरू भाग्य भरोसा बाँच्न र भारतीयहरूको मिचाइ, थिचाइ सहन बाध्य छन् । लामो समयदेखि सत्ताको माथापच्ची र रणभुल्लमा परेको नेपाली राजनीतिज्ञहरूका लागि यो दर्दनाक घटनासमेत हात्ती आयो हात्ती आयो फुस्सा र टायटाय फिस्स हुने निश्चित देखिन्छ । यस्तै जघन्य अपराध सीमा क्षेत्रमा नेपाली सुरक्षाकर्मीले गरेको भए भारतले यहाँ ताण्डव नृत्य देखाइसक्थ्यो । हामी त अबराके मौगी पऱ्यौं । खैर नेताहरू कहिले जनपक्षीय र जनमुखी बन्ने हुन् ?

## हकअधिकारको लागि लोहार समाज एक हुनुपर्छ –उपाध्यक्ष ठाकुर

प्रस, सिम्रौनगढ, २० साउन/

बाराको सिम्रौनगढस्थित कङ्काली मन्दिरको प्राङ्गणमा बुधवार विश्वकर्मा लोहार सेवा समितिको जिल्लास्तरीय भेला सम्पन्न भएको छ ।

कार्यक्रमका प्रमुख अतिथि केन्द्रीय उपाध्यक्ष आशीर्वाद ठाकुरले जबसम्म हामी एक हुँदैनौं लक्ष्यसम्म पुग्न सक्दैनौं बताए । हामी एक ढिक्का भएर आफ्नो हकअधिकारका लागि लड्नुपर्ने आवश्यकता रहेको उनले बताए ।



बारा जिल्ला अध्यक्ष राजेन्द्र ठाकुर लोहारको अध्यक्षतामा भएको भेलामा गृह मन्त्रालयले राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागमा लोहार जातिलाई

(बाँकी अन्तिम पातामा)

### आजको राशिफल

| | |
|---|---|
| मेष – विजय | वृष – धनखति |
| मिथुन – भाग्योदय | कर्कट – बेचैनी |
| सिंह – मनोरञ्जन | कन्या – कर्मप्राप्ति |
| तुला – राज्यभय | वृश्चिक – रोगभय |
| धनु – यात्रालाभ | मकर – शत्रुभय |
| कुम्भ – चोरभय | मीन – उदरपीडा |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

# नेका हुनेखानेको पार्टी -मन्त्री शर्मा

प्रस, वीरगंज, २० साउन/
प्रदेश नं २ का स्वास्थ्य तथा उनले नेका सरकारमा आएपछि व्यापारीहरू खुशी भएको बताए ।



प्रतीक

ऊर्जामन्त्री ओमप्रकाश शर्माले नेपाली काङ्ग्रेस हुनेखानेहरूको पार्टी भएको बताएका छन् ।

पर्सा मार्बल एन्ड टायल प्रालिको शोरूमको आज वीरगंजमा उद्घाटन गर्दै प्रदेशमन्त्री शर्माले नेका गरीबको पार्टी नभएको र यो पार्टीले सबैलाई हुनेखाने बनाउन अग्रसर रहेको बताए । उनले नेका सबै समृद्ध होस् भन्ने चाहना राख्ने पार्टी भएको बताए ।

नेका व्यापारीहरूको मात्र नभएको र यसमा मजदुर, किसान सबैथरी अटाएको बताए ।

सबैको समृद्धिको लागि नेकाले काम गर्दै आएको र आउँदो दिनमा पनि गर्ने उनको भनाइ थियो । महम्मद सहाबुद्दीनको अध्यक्षतामा भएको कार्यक्रममा वीमनपा उपप्रमुख शान्ति कार्की, नेकाका स्थानीय नेताहरू हुकुम सिंह, राधा कार्कीलगायतको सहभागिता थियो ।

# फोरम मधेसद्वारा एमसिसीको विरोध

प्रस, परवानीपुर, २० साउन/
मिलेनियम च्यालेन्ज कर्पोरेशन (एमसिसि)को विरोध बारामा गरिएको तँछाडमछाड गरेको तर उक्त विधेयक पास भएपछि देश गृहयुद्धमा जाने र अफगानिस्तानको जस्तै हाल हुने



तस्वीरः प्रतीक

छ । मधेसी जनअधिकार फोरम मधेस पार्टीले कार्यक्रम आयोजना गरी विरोध जनाएको हो ।

बारा, महागढीमाई नगरपालिकास्थित गढीमाई मन्दिर परिसरमा आयोजित विरोध कार्यक्रममा करीब ५० जना सहभागीले हातमा होर्डिङ बोर्ड लिएर विरोध जनाएका थिए । सहभागीहरूले एमसिसी देश हितविपरीत रहेकोले संसदबाट पारित नगर्न दबाब दिने खालका पोस्टर बोकेर नाराबाजी गरेका थिए । प्रधानमन्त्री शेरबहादुर देउवाले एमसिसी पारित गराउन कोणसभामा बोल्दै मधेसी जनअधिकार फोरम मधेसका राष्ट्रिय अध्यक्ष भाग्यनाथ गुप्ताले बताए ।

उनका अनुसार अमेरिकाले ५५ अर्ब रुपियाँ नेपाललाई दान दिएर जे पनि गर्न पाइने आयोजना लागू गर्न लागेको र चीनले जारी गरेको बिआरआई आयोजनालाई काउन्टर दिन यो आयोजना शुरू हुन लागेको विश्लेषण गरे । देशको सम्प्रभुतामाथि आँच आउने खालका एमसिसीमा व्यवस्था रहेकाले लागू भएपछि अमेरिकी सैनिकको उपनिवेश बन्नबाट नेपालाई कसैले बचाउन नसक्ने उनले स्पष्ट पारे ।

"अमेरिकाले युरोनियमको खानी रहेको नेपाललाई उपयोग गर्न यो आयोजना ल्याएको हो, उसको यो आयोजना शुरू भएपछि सैनिक आउँछन्, उनीहरूलाई राज्यले केही गर्न सक्दैन, त्यसैको लागि संसद्बाट पारित गराउन लागिएको हो," उनले भने, "सबै जनता मिलेर राष्ट्रिय अखण्डतामाथि आँच आउने आयोजना बहिष्कार गर्नुपर्छ ।"

सहभागीहरूले एमसिसी खारेज गर, एमसिसी सम्झौता गर्न पाइँदैनलगायतका नारा लगाएका थिए । साथै प्रधानमन्त्री शेरबहादुर देउवाविरुद्ध नाराबाजी गरेका थिए ।

# खेलकूदको संसार

## विश्व क्रिकेट लिग-२ को प्रारम्भिक छनोटमा १९ खेलाडी

काठमाडौं, २० साउन/रासस
आइसिसी विश्वकप क्रिकेट लिग-२ अन्तर्गत ओमान र अमेरिकासँगको त्रिकोणात्मक एक दिवसीय सिरिजका लागि बुधवार १९ सदस्यीय खेलाडीलाई बन्द प्रशिक्षणमा बोलाइएको छ । नेपाल क्रिकेट सङ्घ (क्यान)ले बोलाएको १९ खेलाडीमध्ये गुलशन झा पहिलोपटक समावेश भएका छन् । गुलशनले मेयर्स कप क्रिकेटमा उत्कृष्ट प्रदर्शन गरेका थिए । नेपाल, ओमान र अमेरिकाबीचको सिरिज आगामी सेप्टेम्बरमा ओमानमा हुँदैछ ।

बन्द प्रशिक्षणमा बोलाइएका खेलाडीमा ज्ञानेन्द्र मल्ल, कुशल भुर्तेल, आरिफ शेख, दीपेन्द्रसिंह ऐरी, आसिफ शेख, गुलशन झा, कुशल मल्ल, विनोद भण्डारी, करण केसी, सन्दीप लामिछाने, सोमपाल कामी छन् । त्यसैगरी, कमलसिंह ऐरी, अविनाश बोहरा, शाहब आलम, सुशन भारी, शरद भेषवाकर, विक्रम सोब, पवन सर्राफ र रोहितकुमार पौडेल छन् ।

# जन्मसिद्ध नागरिकता पाउनुपर्ने माग

प्रस, वीरगंज, २० साउन/
जन्मसिद्ध नागरिकता पाउनुपर्ने नागरिकता देऊ, जन्मसिद्ध नागरिकता अविलम्ब देऊ, गैरनागरिक बनाउन



तस्वीरः प्रतीक

पाइँदैन, संविधान मिच्न पाइँदैन भन्दै मागसहित बुधवार राजधानीमा प्रदर्शन भएको छ ।

जन्मसिद्ध नागरिकता सङ्घर्ष समितिका संयोजक पटेर्वासुगौली गाउँपालिका निवासी अमितकुमार राउतको अध्यक्षतामा माइतीघर मण्डलाबाट निस्किएको र्‍याली संसद् भवनअगाडि पुगेर सम्पन्न भएको थियो । प्रदर्शनको क्रममा आमाको नामबाट नेपालको संविधान २०७२ मा गरिएको व्यवस्था अनुसार जन्मसिद्ध नागरिकका छोराछोरीलाई नागरिकता उपलब्ध गराउन माग गरिएको समितिका सदस्य विक्रमप्रसाद यादवले बताए । प्रदर्शनमा पर्सा, रौतहट, सर्लाही, धनुषा, महोत्तरी, मोरङलगायतका जन्मसिद्ध नागरिकहरूको सहभागिता थियो ।

# विपन्न तथा दलित विरोधी हर्कत -पूर्वमन्त्री साह

प्रस, रौतहट, २० साउन/
पूर्व शहरी तथा विकासमन्त्री प्रभु साहले भूमिहीन सुकुमबासीहरूलाई


पूर्वमन्त्री प्रभु साह

जग्गाधनी लालपुर्जा दिने कार्य अन्तिम चरणमा पुगेको बेला वर्तमान देउवा नेतृत्वको सरकारले गैरजिम्मेवारी पूर्ण ढङ्गले भूमिसम्बन्धी समस्या समाधान आयोग विघटन गरी विपन्न तथा दलित विरोधी हर्कतको गरेको बताए ।

सत्तास्वार्थका लागि बनेको यो अपवित्र गठबन्धनको सरकारले गरीब, विपन्न तथा दलितहरूको आवास निर्माणसँग सम्बन्धित जनता आवास र सुरक्षित आवास कार्यक्रमप्रति उदासीनता राख्दै आएकोमा सत्ता गठबन्धनबाट सुरुआतमै नेपालको संविधानको मर्म र भावनाविपरीत लाखौं लाख भूमिहीन सुकुमबासी जनतालाई आतङ्कित बनाउन जुन रूपमा भूमि आयोग विघटनको निर्णय गरेको छ, यो निश्चय नै दुःखद, दुर्भाग्यपूर्ण एवं खेदजनक भएको उनले बताए ।

सर्वोच्चको परमादेशबाट गठित यो सरकारले संवैधानिक अङ्ग तथा राज्यका विभिन्न निकायमा क्रियाशील जिम्मेवार पदाधिकारीहरूलाई गैरकानूनी एवं प्रतिशोधपूर्ण ढङ्गले स्थापित मूल्य एवं मान्यताविपरीत गर्न लागेको नियुक्ति र बर्खास्तिसम्बन्धी कार्यले समग्र शासन प्रणाली एवं विधिको शासनमाथि नै गम्भीर प्रश्न खडा भएको पूर्वमन्त्री साहको आरोप छ ।

### हकअधिकार....

दलितमा समावेश गरिएको जानकारी गराइएको थियो ।

कार्यक्रममा केन्द्रीय सचिव अच्छेलाल ठाकुर, रौतहटका उपाध्यक्ष रामध्यान ठाकुर, पर्सा जिल्ला अध्यक्ष राजेन्द्र ठाकुर, सर्लाहीका अध्यक्ष महेन्द्र ठाकुर, शिक्षक गोपाल ठाकुर, सोनालाल ठाकुर, राजकिशोर शर्मालगायतले मन्तव्य राखेका थिए । नवलकिशोर ठाकुरले सञ्चालन गरेको भेलामा स्वागत उमेश ठाकुरले गरेका थिए । भेलामा बारा, पर्सा, रौतहट र सर्लाहीका ३५० जनाको उपस्थिति थियो ।

# सामाजिक सुरक्षासम्बन्धी तालीम

प्रस, वीरगंज, २० साउन/
कलैया उपमहानगरपालिकामा तालीमको उद्देश्य सामाजिक सुरक्षा भत्ता उपलब्ध गराउनको लागि सम्बन्धित



तस्वीरः प्रतीक

सामाजिक सुरक्षासम्बन्धी नागरिक समाजका प्रतिनिधिहरूलाई तालीम दिइएको छ ।

होटल दरबारमा आयोजित तालीमको उद्घाटन त्रिलोत्तम पौडेलले गरेका थिए । बृजमोहन कुशवाहाको अध्यक्षतामा भएको तालीम उद्घाटनसत्रमा पन्नालाल प्रसाद, झापसी चौधरी, पारस प्रसादलगायतले शुभकामना व्यक्त गरेका थिए ।

सो अवसरमा कार्यक्रमका प्रमुख अतिथि पौडेलले विभिन्न शीर्षकमा सामाजिक सुरक्षा भत्ता पाउनेहरूसँग सहकार्य गर्दै आएको बताए । उनले व्यक्तिहरूसँग सहकार्य गर्नुरहेको बताए । उनले राजनीतिभन्दा पृथक भएर यो अभियानमा सक्रिय हुन आग्रह गरे ।

पौडेलले भदौ मसान्तभित्र सामाजिक सुरक्षा भत्ता पाउनेहरूले आआफ्नो वडा कार्यालयमा नवीकरण अथवा नयाँ आवेदन फाराम भर्नुपर्ने जानकारी गराए । सामाजिक सुरक्षा भत्ता तत्कालीन प्रधानमन्त्री स्व मनमोहन अधिकारीको पालामा रु १ सयबाट शुरू भएको र अहिले चालू आवमा यो भत्ता बढेर मासिक रु ४ हजार पुगेको उनले जानकारी गराएका थिए ।

### प्रदेश २ मा......

मा अवैध चोरी निकासीका सामान भन्सारमा बुझाएको शीर्षकमा रु ३२ करोड ७९ लाख ३५ हजार, २१ लाख ११ हजार मूल्यबराबरको ३२५ ग्राम सुन बरामद, २१ लाख ३१ हजार मूल्यबराबरको ३६ किलो ६५२ ग्राम चाँदी बरामद भएको थियो । सुनमा एकजना र चाँदी बरामदमा १२ जना पक्राउ परेका थिए । त्यसैगरी, अवैध वित्तीय कारोबार हुण्डीमा आव २०७६/७७ मा ५४ जना पक्राउ पर्दा ३ करोड १८ लाख १७ हजार रुपियाँ बरामद भएको थियो । त्यसैगरी, सोही आवमा ट्राफिक नियमविपरीत काम गरेकोमा २ लाख ६ हजार ५१६ जनालाई कारबाई गरेबापत रु १२ करोड ८२ लाख २४ हजार सङ्कलन भएको थियो । अघिल्लो आवभन्दा गत आवमा अवैध चोरी निकासी ५३ प्रतिशतले, हुण्डीको अपराध २६ प्रतिशतले मुद्दाको सङ्ख्यामा वृद्धि भएको छ भने २१ प्रतिशतले राजस्व सङ्कलन वृद्धि भएको छ । त्यसैगरी, ट्राफिकले २४ प्रतिशतभन्दा बढी मानिसलाई कारबाई गरेको छ भने जरिवाना गरेको प्रतिशत ६७ प्रतिशतले वृद्धि भएको छ ।

# मानव सेवा आश्रममा जन्म दिन मनाइयो

प्रस, वीरगंज, २० साउन/
वीरगंजस्थित ओम साईं क्लिनिकका आश्रितहरूलाई उनले बिहानीको खाजा, खाना खुवाउनुका साथै सरसफाइसम्बन्धी


तस्वीरः प्रतीक

सञ्चालकले सुरज चन्द्रवंशीले छोराको जन्म दिन मानव सेवा आश्रममा मनाएका छन् ।

११ वर्षीय छोराको जन्मदिनको अवसरमा मानव सेवा आश्रममा सामग्री पनि प्रदान गरेका थिए । सो अवसरमा उनले मानव सेवा आश्रममा आश्रितहरूलाई आफ्नो प्याथोलोजीले न्यून शुल्कमा सेवा उपलब्ध गराउने घोषणा गरे ।

# वडा कार्यालय भवनको उद्घाटन

प्रस, सेढवा, २० साउन/
जीराभवानी गाउँपालिका-२ मा २०७६/७८ मा रु २५ लाख लगानी गरेर भवन निर्माण सम्पन्न गरेको हो ।


तस्वीरः प्रतीक

निर्मित वडा कार्यालय भवनको गापा अध्यक्ष रामप्रीत महतोले उद्घाटन गरेका छन् ।

स्थानीय तह गठनअगाडि जिल्ला विकास समिति, पर्साको रु १० लाख लगानीमा सो कार्यालयको भवन निर्माण कार्य शुरू भएको थियो ।

अहिले गापाले आव २०७५/७६ र सभागृहसहित तीनवटा कोठा रहेको वडा कार्यालय भवनको शौचालय महिला र पुरुष मैत्री छ ।

उद्घाटन समारोह वडाध्यक्ष महादेव महतो थारुको अध्यक्षतामा भएको थियो भने श्रीकान्तीदेवी थरुनी, नन्दकिशोर साह, सशस्त्र प्रहरी निरीक्षक केदार राईलगायतको सहभागिता थियो ।

